प्यूठान नगरपालिका

प्यूठान नगर राजपत्र

खण्ड २ संख्या २३ प्यूठान नगरपालिकाद्वारा प्रकाशित मिति : २०७६

भाग २

प्यूठान नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# वातावरणमैत्री ग्रामीण सडक निर्माण निर्देशिका, २०७६

प्यूठान नगरपालिका

## प्रस्तावना

स्थानीय नागरिकको सहभागितामा स्थानीय स्तरमा वातावरणमैत्री तथा दिगो सडक डिजाइन तथा निर्माणलाइ सुनिश्चित गर्न, संघीय, प्रादेशिक र स्थानीय सरकारका नीतिलाई थप सहयोग र सरलीकरण गर्न, वातावरणमैत्री ग्रामीण सडक निर्माणका प्राविधिक (ईन्जिनियरिङ्ग) र वातावरणीय पक्षलाई थप एकीकृत गरी वातावरणमैत्री, दिगो ग्रामीण सडक निर्माणमा सहयोग पुऱ्याउन,वातावरणमैत्री ग्रामीण सडक निर्माणको अवधारणालाई अवलम्बन गरी दिगो तथा जलवायु समानुकुलित (Climate Resilient) सडक निर्माण गर्ने तथा जलीय जैविक विविधता कायम गर्दै नदी, खोलानाला, गाड र तालतलैया तथा सिमसारको संरक्षणलाई टेवा पुऱ्याउन र नेपाल सरकारको वातावरणमैत्री सडक निर्माणका नीतिगत तथा प्राविधिक पक्षलाई कार्यान्वयनमा सहजीकरण गर्न स्थानीय सरकार संचालन ऐन २०७४ दफा ११(ट) बमोजिम प्यूठान नगरपालिकाले यो निर्देशिका बनाएको छ ।

## परिच्छेद- १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस निर्देशिकाको नाम "वातावरणमैत्री ग्रामीण सडक निर्माण निर्देशिका, २०७६" रहेको छ ।

(२) यो निर्देशिका प्युठान नगर कार्यपालिकाले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा:

(क) "आयोजना" भन्नाल नगरपालिका वा सो अन्तर्गतको वडाबाट पूर्ण वा आंशिक लागत साझेदारीमा सञ्चालन हुने वा सञ्चालित ग्रामीण सडक योजना, कार्यक्रम, आयोजना वा परियोजनालाई सम्झनु पर्छ । यसले नगरपालिकाबाट स्वीकृत भएका गैरसरकारी सँघ सस्था वा अन्य सामुदायिक सँस्थाको ग्रामीण सडक योजना, कार्यक्रम, आयोजना वा परियोजनालाई समेतलाई जनाउँछ ।

(ख) "उपभोक्ता" भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभान्वित हुने आयोजना सञ्चालन हुने क्षेत्र भित्रका व्यक्तिलाई जनाउँछ ।

(ग) "उपभोक्ता समिति" भन्नाले आयोजना निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि उपभोक्ताले आफूहरू मध्येबाट गठन गरेको समिति सम्झनु पर्छ ।

(घ) "कार्यपालिका" भन्नाले प्युठान नगरकार्यपालिका सम्झनुपर्छ ।

(ङ) "भारी यन्त्र तथा उपकरण" भन्नाले वातावरणलाई अत्याधिक ह्रास पुर्‍याउने प्रकृतिका बुलडोजर, एस्काभेटर जस्ता ठूला मेशिनरी, यन्त्र वा उपकरण र श्रममूलक प्रविधिलाई विस्थापित गर्ने खालका मेशिनरी, यन्त्र वा उपकरण सम्झनु पर्छ ।

(च) "कार्यालय" भन्नाले नगरपालिकाको कार्यालय तथा वडा कार्यालयलाई समेत बुझाउँछ ।

(छ) "नगरपालिका" भन्नाले प्युठान नगरपालिका सम्झनु पर्छ ।



(ज) "सम्झौता" भन्नाले आयोजना निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नका लागि कार्यालय र उपभोक्ता समिति वा निर्माण व्यवसायी बीच भएको लिखित करारनामा वा कबुलियतनामालाई जनाउनेछ ।

(झ) "सरोकारवाला" भन्नाले नगरपालिका, विषयगत कार्यालय, वडा कार्यालय, कार्यसँग सम्बन्धित स्थानीय सँघ सँस्था, समूह आदिलाई जनाउँछ ।

(ञ) "सार्वजनिक खरिद" भन्नाले नगरपालिकाले ग्रामीण सडक निर्माण गर्ने क्रममा खरिद गर्ने मालसामान, सेवा वा अन्य सेवा प्राप्त गर्ने वा कुनै निर्माण कार्य गर्ने वा गराउने कार्य सम्झनु पर्छ ।

३. **निर्देशिकाको पालना गर्नुपर्ने:** नगरपालिका भित्र ग्रामीण सडक निर्माण तथा कार्यान्वयन हुने ग्रामीण सडक निर्माण, सञ्चालन, मर्मत सम्भार कार्य गर्दा कार्यपालिका, कार्यपालिकाको कार्यालय र उपभोक्ता समितिले यो निर्देशिकामा व्यवस्था भए बमोजिम गर्नु, गराउनु पर्नेछ ।

## परिच्छेद- २

## पूर्वसम्भाव्यता अध्ययन तथा डिजाईन सम्बन्धी व्यवस्था

४. **पूर्वसम्भाव्यता अध्ययन गर्नु पर्ने:** (१) आयोजनाको विस्तृत सर्वेक्षण हुनु अगावै पूर्वसम्भाव्यता अध्ययन कार्य गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पूर्वसम्भाव्यता अध्ययन कार्यका लागि संभव भए सम्म कार्यपालिकाले एकजना भू-गर्भविद र सिभिल ईन्जिनियर रहेको प्राविधिक टोलीको गठन गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम पूर्वसम्भाव्यता अध्ययन गरिसकेपछि सम्भाव्य आयोजनाको मात्रविस्तृत सर्वेक्षण गर्नु पर्नेछ ।

५. **पूर्वसम्भाव्यता अध्ययन गर्दा अपनाउनु पर्ने कार्यविधि:** ग्रामीण सडकको पूर्व सम्भाव्यता अध्ययनगर्दा उक्त निर्माण गरिने ग्रामीण सडक बढी भन्दा बढी वातावरणमैत्री होस भन्ने सुनिश्चित गर्नका लागि देहायका विषयवस्तुमा केन्द्रित पूर्व सम्भाव्यता अध्ययनगर्नु पर्नेछ ।



प्युठान नगरपालिका

(क) स्थानीय समुदायको विद्यमान सामाजिक/आर्थिक अवस्थाको विश्लेषण

(ख) प्राविधिक अध्ययन (सम्वन्धित ईन्जिनियरिङ्ग मानक/निर्देशिकाको अध्ययन, फिल्ड सर्वेक्षण, ट्राफिक अध्ययन, वैकल्पिक सडक मार्गको छनौट, लागत लाभ विश्लेषण)

(ग) सामाजिक तथा वातावरणीय प्रभावको विश्लेषण

(घ) सबैभन्दा उपयुक्त सडक मार्गको छनौट

६. **सडकको विस्तृत सर्वेक्षण र डिजाईन गर्दा अपनाउनु पर्ने कार्यविधि:**

(१) न्यूनतम एब्नी लेवल, क्लीनोमिटर जस्ता उपकरणहरुको प्रयोग गरी आयोजनाको विस्तृत सर्वेक्षण गर्नु पर्नेछ।

(२) सडकको मार्ग रेखा निर्धारण गर्दा तुलनात्मक रुपमा वातावरणीय क्षति कम हुने, बलियो जमिन भएको भू-भाग छनौट पर्नेछ।

(३) ग्रामीण सडकको रेखाङ्कन छनौट, डिजाइन तयार गर्दा अनूसुची १ मा उल्लेख भए बमोजिम नेपाल ग्रामीण सडक मापदण्ड २०५५ (दोश्रो संशोधन २०७१) अनुरूप गर्नु पर्नेछ।

(४) गाउँपालिकाका तर्फबाट तयार गरिने ग्रामीण सडकको रेखाङ्कन छनौट, प्राविधिक डिजाइन तथा लागत अनुमान नेपाली भाषामा हुनुपर्नेछ।

## परिच्छेद- ३

## आयोजना निर्माण सम्बन्धी व्यवस्था

७. **प्राविधिकबाट स्वीकृत रेखाङ्कन अनुसार सडक निर्माण गर्नु पर्ने:** (१) ग्रामीण सडक निर्माण गर्दा सम्वन्धित प्राविधिकबाट सिफारिस भएको र सम्बन्धित कार्यपालिकाबाट स्वीकृत रेखाङ्कन अनुसार मात्र निर्माण गर्नु पर्नेछ।

(२) ग्रामीण सडकको मार्ग रेखा निर्धारण गर्दा तुलनात्मक रुपमा वातावरणीय क्षति कम हुने, बढी भन्दा बढी टोल/समुदाय/उपभोक्तालाई लाभ दिने, सामाजिक र आर्थिक क्रियाकलाप वा संरचनाहरुलाई एकीकृत गर्ने,



स्थानीय स्तरमा सामाजिक र आर्थिक क्रियाकलाप बृद्धि गर्न सहयोग गर्ने, तुलनात्मक रुपमा छोटो र ग्रामीण सडकका न्यूनतम इन्जयिरिङ्ग मानक कायम हुने गरी रेखा निर्धारण गर्नु पर्नेछ।

८. **क्रमागत निर्माणको तरिका अवलम्वन गर्नु पर्ने:** (क) ग्रामीण सडक निर्माण गर्दा निम्नानुसार क्रमागत निर्माणको तरिका अवलम्वन गर्नु पर्नेछ:

(क) पहिलो वर्ष: २.५ देखी ३ मिटर सम्मको सडक मार्ग (Track) खोल्नु पर्नेछ

(ख) दोस्रो वर्ष: सडकको चौडाई क्रमिक रुपमा वढाउनु पर्नेछ

(ग) तेस्रो वर्ष: ग्रामीण सडक मापदण्ड अनुसार सडकलाई पूर्ण रुपमा चौडा गर्नु पर्नेछ

(घ) चौंथो वर्ष: नाला, टेवा पर्खाल लगायतका संरचना बनाई सडक सतहलाई आवश्यकता अनुसार ग्राभेल गर्नु पर्नेछ

९. **उपभोक्ता समितिको काम, कर्तव्य र अधिकार:** उपभोक्ता समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ

(क) सम्झौता बमोजिमको कार्य सम्पादन गर्ने,

(ख) उपभोक्ताहरुलाई कार्यालयबाट प्राप्त सूचना तथा मार्गदर्शनको जानकारी गराउने,

(ग) सम्झौता बमोजिम कार्य शुरु गर्दा कार्यालयबाट आवश्यक निर्देशन प्राप्त गर्नु पर्ने भए प्राप्त गरेर मात्र काम शुरु गर्ने

(घ) उपभोक्ता समितिको कार्य सम्पादनलाई प्रभावकारी वनाउन समितिका सदस्यहरुको कार्य विभाजन र जिम्मेवारी बाँडफाँड गर्ने,

(ङ) उपभोक्ता समितिको सदस्यहरुको क्षमता विकास गर्ने,

(च) सम्झौता बमोजिमको कामको परिमाण, गुणस्तर, समय र लागतमा परिवर्तन गर्नु पर्ने देखिएमा कार्यालयलाई अनुरोध गर्ने

(छ) आयोजनाको दिगो व्यवस्थापन सम्बन्धी अन्य कार्य गर्ने।

१०. **उपभोक्ता समितिलाई अभिमुखिकरण गर्नु पर्ने:** (१)कार्यपालिकाको कार्यालयले वाउपभोक्ता समितिले सम्बन्धित प्राविधिकबाट सडकको नक्सा, डिजाईन,



प्यूठान नगरपालिका

लागत अनुमान, गुणस्तर, प्रयोग हुने सामग्री तथा औजारको बारेमा सडक निर्माण गर्ने पक्ष, उपभोक्ता समिति तथा सडक निर्माण गर्ने कामदारलाई अभिमुखीकरण गर्नु पर्नेछ ।

(ग) उपदफा (१)बमोजिम उपभोक्ता समितिका पदाधिकारी, सदस्य तथा उपभोक्तालाई आयोजनाको कार्यान्वयन अगावै अभिमुखीकरण गर्दा देहायका विषयवस्तुमा अभिमुखि करण गर्नु पर्नेछः

(क) उपभोक्ता समितिको काम कर्तव्य र अधिकार

(ख) सम्पादन गर्नुपर्ने कामको विवरण, काम सम्पन्न गर्नुपर्ने अवधि लागत र उपभोक्ताको योगदान

(ग) निर्माण कार्यको विधि तथा निर्माण कार्यमा प्रयोग हुने सामग्रीको गुणस्तर र परिमाण

(घ) खरिद, रकम निकासा प्रकृया, खर्चको लेखाङ्कन र अभिलेख व्यवस्थापन

(ङ) कार्यान्वयन र अनुगमन प्रकृया

(च) सार्वजनिक परीक्षण, योजनाको फरफारक र हस्तान्तरण

(छ) अन्य आवश्यक विषयहरू

११. <u>ग्रामीण सडक निर्माण गर्दा अवलम्वन गर्नु पर्नेः</u> (१) ग्रामीण सडक निर्माण गर्दा देहाय बमोजिम गर्नुपर्नेछः

(क) उपलब्ध स्थानीय स्रोत तथा सामग्रीको प्रयोगमा जोड दिनु पर्ने ।

(ख) श्रममैत्री प्रविधि तथा उपकरणलाइ प्राथमिकता दिनु पर्ने ।

(ग) भारी यन्त्र तथा उपकरणको प्रयोगलाई विज्ञ प्राविधिकको सल्लाह बमोजिम अति आवश्यक ठाउँमा सिमित मात्रामा मात्र प्रयोगगर्नु पर्ने।

(घ) सम्भावित जोखिमयुक्त क्षेत्रको पहिचान गरी सडक प्रयोगकर्तालाई सुसूचित गर्ने ट्राफिक चिन्ह जडान गर्नु पर्ने ।

(ङ) सडक निर्माणको क्रममा उत्पन्न हुने कुडाकर्कटको व्यवस्थापन (Debris management) गर्दा उक्त कुडाकर्कटले पानीका प्राकृतिक स्रोतको गुणस्तर, वहाव, प्राकृतिक निकास तथा कृषि भुमिलाई



क्षति नपुग्ने गरी व्यवस्थापन गर्नु पर्ने । पुनः प्रयोग गर्न मिल्ने कुडाकर्कटको प्रयोगलाई जोड दिनु पर्नेछ ।

(च) पुनः प्रयोग गर्न मिल्ने कुडाकर्कटको प्रयोगलाई जोड दिनु पर्ने ।

१२. <u>नाली, कजवे, कल्भर्ट आदि निर्माण गर्नु पर्नेः</u> (१) सडक निर्माण गर्दा कटाइ र पुराईको बीच सन्तुलन र सडक आसपासमा बग्ने पानीको उचित व्यवस्थापनको लागि नाली, कजवे, कल्भर्ट जस्ता संरचनाको प्रभावकारी व्यवस्था गर्नु पर्नेछ ।

(२) सडकमा बग्ने पानीको व्यबस्थापन गर्न वनाईएका संरचना जस्तै नाली, कजवे, कल्भर्टले सो ठाउँमा रहेका पानीका प्राकृतिक निकास जस्तैः खोल्सी खहरेहरुलाई बाधा नहुने र स्थिर भू-भागबाट पानीको निकास हुने प्रबन्ध गर्नु पर्नेछ ।

१३. <u>उपभोक्ता समितिले विवरण बुझाउनु पर्नेः</u> (१) उपभोक्ता समितिले काम सम्पन्न गरिसकेपछि बाँकी रहन गएका खप्ने सामानहरू मर्मत सम्भार समितिलाई बुझाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम उपभोक्ता समितिले मर्मत सम्भार समितिलाई बुझाएको सामानको मर्मत सम्भार समितिका सदस्य तथा पदाधिकारीले सहि छाप गरेको विवरणको एक प्रति सम्बन्धित कार्यालयलाई जानकारीको लागि बुझाउनु पर्नेछ ।

## परिच्छेद- ४

## मर्मत संभार सम्बन्धी व्यवस्था

१४. <u>मर्मत संभारका क्रियाकलाप गर्नु पर्नेः</u> (१) कार्यपालिका तथा उपभोक्ता समितिले ग्रामीण सडक आयोजनाबाट प्राप्त हुने लाभलाई सुनिश्चित गर्नमर्मत सम्भारका कार्य गर्नु पर्नेछ ।



छत्रकोट नगरपालिका
छत्रकोट नगरपालिका

लागत अनुमान, गुणस्तर, प्रयोग हुने सामग्री तथा औजारको बारेम सडक निर्माण गर्ने पक्ष, उपभोक्ता समिति तथा सडक निर्माण गर्ने कामदारलाई अभिमुखीकरण गर्नु पर्नेछ ।

(ग) उपदफा (१)बमोजिम उपभोक्ता समितिका पदाधिकारी, सदस्य तथा उपभोक्तालाई आयोजनाको कार्यान्वयन अगावै अभिमुखीकरण गर्दा देहायक विषयवस्तुमा अभिमुखि करण गर्नु पर्नेछः

(क) उपभोक्ता समितिको काम कर्तव्य र अधिकार

(ख) सम्पादन गर्नुपर्ने कामको विवरण, काम सम्पन्न गर्नुपर्ने अवधि लागत र उपभोक्ताको योगदान

(ग) निर्माण कार्यको विधि तथा निर्माण कार्यमा प्रयोग हुने सामग्रीको गुणस्तर र परिमाण

(घ) खरिद, रकम निकासा प्रकृया, खर्चको लेखाङ्कन र अभिलेख व्यवस्थापन

(ङ) कार्यान्वयन र अनुगमन प्रकृया

(च) सार्वजनिक परीक्षण, योजनाको फरफारक र हस्तान्तरण

(छ) अन्य आवश्यक विषयहरू

**११. <u>ग्रामीण सडक निर्माण गर्दा अवलम्वन गर्नु पर्ने</u>:** (१) ग्रामीण सडक निर्माण गर्दा देहाय बमोजिम गर्नुपर्नेछः

(क) उपलब्ध स्थानीय स्रोत तथा सामग्रीको प्रयोगमा जोड दिनु पर्ने ।

(ख) श्रममैत्री प्रविधि तथा उपकरणलाइ प्राथमिकता दिनु पर्ने ।

(ग) भारी यन्त्र तथा उपकरणको प्रयोगलाई विज्ञ प्राविधिकको सल्लाह बमोजिम अति आवश्यक ठाउँमा सिमित मात्रामा मात्र प्रयोगगर्नु पर्ने।

(घ) सम्भावित जोखिमयुक्त क्षेत्रको पहिचान गरी सडक प्रयोगकर्तालाई सुसूचित गर्ने ट्राफिक चिन्ह जडान गर्नु पर्ने ।

(ङ) सडक निर्माणको क्रममा उत्पन्न हुने कुडाकर्कटको व्यवस्थापन (Debris management) गर्दा उक्त कुडाकर्कटले पानीका प्राकृतिक स्रोतको गुणस्तर, वहाव, प्राकृतिक निकास तथा कृषि भुमिलाई



क्षति नपुग्ने गरी व्यवस्थापन गर्नु पर्ने । पुनः प्रयोग गर्न मिल्ने कुडाकर्कटको प्रयोगलाई जोड दिनु पर्नेछ ।

(च) पुनः प्रयोग गर्न मिल्ने कुडाकर्कटको प्रयोगलाई जोड दिनु पर्ने ।

**१२. <u>नाली, कजवे, कल्भर्ट आदि निर्माण गर्नु पर्ने</u>:** (१) सडक निर्माण गर्दा कटाइ र पुराईको बीच सन्तुलन र सडक आसपासमा बग्ने पानीको उचित व्यवस्थापनको लागि नाली, कजवे, कल्भर्ट जस्ता संरचनाको प्रभावकारी व्यवस्था गर्नु पर्नेछ ।

(२) सडकमा बग्ने पानीको व्यबस्थापन गर्न वनाईएका संरचना जस्तै नाली, कजवे, कल्भर्टले सो ठाउँमा रहेका पानीका प्राकृतिक निकास जस्तैः खोल्सी खहरेहरुलाई बाधा नहुने र स्थिर भू-भागबाट पानीको निकास हुने प्रबन्ध गर्नु पर्नेछ ।

**१३. <u>उपभोक्ता समितिले विवरण बुझाउनु पर्ने</u>:** (१) उपभोक्ता समितिले काम सम्पन्न गरिसकेपछि बाँकी रहन गएका खप्ने सामानहरू मर्मत सम्भार समितिलाई बुझाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम उपभोक्ता समितिले मर्मत सम्भार समितिलाई बुझाएको सामानको मर्मत सम्भार समितिका सदस्य तथा पदाधिकारीले सहि छाप गरेको विवरणको एक प्रति सम्बन्धित कार्यालयलाई जानकारीको लागि बुझाउनु पर्नेछ ।

## परिच्छेद- ४

## <u>मर्मत संभार सम्बन्धी व्यवस्था</u>

**१४.<u>मर्मत संभारका क्रियाकलाप गर्नु पर्ने</u>:** (१) कार्यपालिका तथा उपभोक्ता समितिले ग्रामीण सडक आयोजनाबाट प्राप्त हुने लाभलाई सुनिश्चित गर्नमर्मत सम्भारका कार्य गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम ग्रामीण सडकको लाभ र दिगोपना सुनिश्चित गर्न तथा गुणस्तर कायम गर्न मर्मत सम्भारका क्रियाकलाप गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिममर्मत सम्भारका क्रियाकलाप गर्नुका लागि कार्यपालिकाको कार्यालयले वार्षिक रुपमा मर्मत सम्भारका लागि रकम विनियोजन गर्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिमको मर्मत सम्भारका क्रियाकलाप गर्दा अनूसुची २ मा उल्लेख भए बमोजिम ग्रामीण सडक मर्मत-सम्भार निर्देशिका २०६४ अनुरुप गर्नु पर्नेछ ।

१५. **मर्मत सम्भार समिति गठन:** (१) आयोजना कार्यान्वयनको बखत गठन भएको उपभोक्ता समितिले आयोजना सम्पन्न भइ फरफारक र बुझबुझारत भइसकेपछि स्वत मर्मत सम्भार समितिमा परिणत हुनेछ तर नगर पालिकाले आवश्यक्ता महसुस गरेमा कुनै एक वडामा एक वडास्तरीय मर्मत समिति गठन गरिमर्मत सम्भार समितिको रूपमा काम गर्न सक्नेछ ।

(२) मर्मत सम्भार समितिले सरोकारवाला निकायसँग समन्वय गरी आयोजनाको दिगो सञ्चालन तथा मर्मत सम्भारको व्यवस्था गर्नु पर्नेछ ।

१६. **मर्मत सम्भार समितिको काम, कर्तव्य र अधिकार:** मर्मत सम्भार समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ

(क) ग्रामीण सडक आसपासका उपभोक्तालाई सुरक्षित र सुलभ तरिकाले आवतजावत गराउन नियमित तथा अन्य अत्यावस्यक मर्मत संभारका क्रियाकलाप गरी सडक दिगो रुपमा संचालन गर्ने,

(ख) उपभोक्ताको सहभागितामा नियमित मर्मत सम्भारका क्रियाकलाप संचालन गर्ने

(ग) सडकको पानीलाई प्रभावकारी निकास गर्न वनाइएका संरचना जस्तै नाली, कजवे, कल्भर्ट आदि र अन्य सडक संरचनाहरुको नियमित सर सफाई र मर्मतसंभार गर्ने

(घ) सरोकारवाला निकायसंग समन्वय गरी ग्रामीण सडक मर्मत सम्भारका



लागि आवश्यक स्रोतको जोहो गर्ने

(ङ) उपभोक्ता मध्येबाट योग्य व्यक्तिलाई ग्रामीण सडक मर्मत सम्भार कार्यकर्ता छनौट गरी प्राविधिक तालिमको व्यवस्था गर्ने

(च) स्थानीय उपभोक्ता र मर्मत सम्भार कार्यकर्ताको क्षमता भन्दा बाहिरको प्राविधिक कामको लागि गाउँपालिका तथा अन्य सरोकारवाला निकायहरुको सहयोगको लागी समन्वय गर्ने

(छ) ग्रामीण सडकको दिगो उपयोग, वातावरणीय सरसफाई, आयोजनाको लक्ष्य वारे उपभोक्तालाई जानकारी गराउने, चेतना अभिवृद्धि गर्ने र यसका लागि आवश्यक जनसहभागिता जुटाउने

## परिच्छेद- ५

## सार्वजनिक खरिदसम्बन्धी व्यवस्था

१७. **सार्वजनिक खरिदको प्रकृया अवलम्बन गर्नु पर्ने:** नगरपालिकाले वातावरणमैत्री सडक निर्माण गर्दा सार्वजनिक खरिदको प्रकृयामा निम्न पक्षलाई अवलम्बन गर्नेछ

(क) गुणस्तरीय, वातावरणमैत्री तथा दिगो ग्रामीण सडक निर्माणको लागि गाउँपालिकाले सम्बन्धित उपभोक्ता समितिबाट सडक निर्माणका लागि प्रस्ताव माग

(ख) प्राप्त प्रस्ताव मध्येबाट सम्वन्धित कार्यको जानकारी तथा अनुभव, दक्ष जनशक्ति, कामदार परिचालन, हरित सडक निर्माणको विविध आयामको व्यबहारिक ज्ञान, स्थानीय निर्माण सामग्रीको गुणस्तर पहिचान र प्रयोग आदि मापदण्डको बिश्लेषण गरी उपभोक्ता समिति छनौट

(ग) सम्बन्धित आयोजना कार्यान्वयन गर्नु अघि छनौट भएको उपभोक्ता समितिसंग अनूसुची ३ बमोजिमको ढाँचामा सम्झौता

(घ) उपभोक्ता समितिबाट प्रस्ताव पेश नभएमा वा पेश भएर पनि



प्युठान नगरपालिका

मापदण्ड पुरा नभएमा स्थानीय सरकारको प्रचलित नियम व्यवस्थाका आधारमा आयोजना कार्यान्वयनको खरिद प्रकृया अनुसार गर्नु पर्नेछ ।

## परिच्छेद- ६

## वातावरणीय व्यवस्थापनसम्बन्धी व्यवस्था

१८. सडक निर्माणमा वातावरणीय व्यवस्थापन गर्नु पर्ने: ग्रामीण सडक निर्माण गर्दा वातावरणमा पर्न सक्ने प्रतिकुल प्रभावको न्युनिकरण वातावरण सन्तुलनमा पर्न सक्ने जोखिम र दवावलाई न्यूनीकरण गर्न,जलीय श्रोत र साधन तथा जलीय जैविक विविधता संरक्षण तथा सकारात्मक प्रभावको अभिवृद्दी गर्न नगरपालिकाले वातावरणीय व्यवस्थापन योजना (Environment Management Plan-EMP) को तर्जुमा तथा कार्यान्वयन लगायत सम्वन्धि अन्य आवश्यक कार्य गर्नु पर्नेछ ।

१९. वातावरण व्यवस्थापन योजना तर्जुमा गर्नु पर्ने : कार्यपालिकाले प्रत्येक सडक परियोजनाको वातावरण व्यवस्थापन योजनामा कम्तिमा देहायका विषयबस्तु समावेश गरिएको वातावरण व्यवस्थापन योजना तर्जुमा तथा कार्यान्वयन गर्नुपर्नेछ ।

(क) वन र वनस्पति

- सडक रेखांकन, निर्माण र मर्मत सम्भार गर्दा संकता पन्न वा संकटासन्न प्रजातीका रुख, विरुवा, बनस्पती तथा जडिबुटीको विशेष सुरक्षा र संरक्षण गर्नुपर्नेछ ।
- खुला क्षेत्रमा विरुवा रोप्नु पर्नेछ । खुला र अस्थिर भू-भाग भएको भिरालो क्षेत्रमा वायो ईन्जिनियरिङ (जैविक प्रविधि) कोप्रयोग गरी भू-क्षय, पहिरो र कटान कम गर्ने प्रावधानलाई लागु गर्नु पर्नेछ ।
- सडक निर्माण गर्दा काटेको रुखको सट्टा मात्यसको क्षतिपूर्ति बापत वृक्षारोपण गर्ने प्रावधानलाई अनिवार्य लागु गर्नु पर्नेछ ।



- धुलो र ध्वनि प्रदुषणको असरलाई कम गर्न सडक किनारामा वृक्षारोपण गर्न प्रोत्साहन गर्नु पर्नेछ।
- वृक्षारोपणको क्रममा विरुवाको प्रजाति छनौट गर्दा भौगोलिक र जलवायु अनुकूल हुने गरी स्थानीय प्रजाती छनौट गर्नु पर्नेछ ।
- सडक पहुँचको कारण गैर कानुनी रुपले वन फडानी र वन क्षेत्रको अतिक्रमण हुने हुँदा खाना पकाउन तथा अन्य दैनिक प्रयोगको लागि दाउराको सट्टा अन्य वैकल्पिक ऊर्जा स्रोतको प्रयोगलाई प्रवर्द्धन गर्नु पर्नेछ ।

(ख) पानीको प्राकृतिक स्रोतको व्यवस्थापन

- पानीका मूल पहिचान गरी यस्लाई असर नपर्ने गरी सडकको र खाङ्कन तथा निर्माण गर्नु पर्नेछ।
- सडक आसपासका पानीका मूलको संरक्षण कार्यलाई अवलम्वन गर्नु पर्नेछ ।

(ग) वन्यजन्तु र तिनको वासस्थान

- सडक रेखांकन, निर्माण र मर्मत सम्भार गर्दा संकतापन्न वा संकटासन्न प्रजातीका माछा लगायत अन्य जलचर तथा बन्यजन्तु वा संरक्षित बन्यजन्तुको विशेष सुरक्षा र संरक्षण गर्नुपर्नेछ ।
- वन्यजन्तुका आवास क्षेत्रमा सकभर बाधा नपर्ने गरी सडक मार्ग रेखा छनौट (Alignment selection) गर्नु पर्नेछ ।
- जंगली जनावरको वासस्थान सुरक्षा गर्न, जंगली जनावर र सवारी साधनको सम्भावित ठक्कर हुन नदिन, जंगली जनावर लाई आफ्ना वासस्थान वरपर सुरक्षित रुपले सडक पारगर्न मिल्ने गरी बाटोको मुनि र माथिबाट जान मिल्ने गरी Underpass / Overpass बैकल्पिक बाटो निर्माण गर्नु पर्नेछ ।
- जनावरको वासस्थान भएर जाने सडकमा सो क्षेत्रको संवेदनशिलता बारे यात्री तथा सवारी चालकलाई सूचित गर्न



प्युठान नगरपालिका

साईन बोर्ड र सवारी साधनको गति कम गर्न गतिरोधक संरचना जडान/निर्माण गर्नु पर्नेछ ।

(घ) **जलचर तथा जलीय जैविक विविधता**

- निर्माणस्थल वा सडक छेउबाट निस्कने रसायन तथा तेल चुहेका फोहर पानी प्रशोधन गरेर मात्र नदीमा मिसाउनु पर्नेछ ।
- नदीको पानी प्रदुषित गर्ने, अव्यवस्थित रुपमा नदीको पानी प्रयोग गर्ने, नदीमा बिष वा बिद्युत प्रवाह गरी माछा मार्ने क्रियाकलापले पानीमा आश्रीत जीवको बासस्थान क्षय भई उक्त जीवहरु सदाकालका लागि नाश हुन सक्ने हुँदा यस्ता क्रियाकलापलाई नियन्त्रण गर्नु पर्नेछ ।

(ङ) **नदीको प्राकृतिक बहाव**

- निर्माण कार्यको लागि अत्याधिक ढुङ्गा, गिट्टी र वालुवा झिक्ने कार्यलाई नियन्त्रण गर्ने र नदी तटको संरक्षण गर्नु पर्नेछ ।
- कुडाकर्कट र निर्माण सामग्री नदीमा जथाभावी फ्याक्ने कार्यले नदीमा प्रदुषण बढ्ने र यसको प्राकृतिक बहाव समेत परिवर्तन हुने हुँदा उक्त कार्यलाई नियन्त्रण गर्नु पर्नेछ ।

(च) **हावा तथा ध्वनी**

- ध्वनी र धुलो लाई कम गर्न सडक किनारामा वृक्षारोपण कार्यलाई प्रोत्साहन गर्नु पर्नेछ ।
- व्यस्त ग्रामीण सडकमा उपभोक्ता वा स्थानीय सरकारले नियमित रुपमा पानीको प्रयोग वा यस्तै अन्य उपाय गरी धुलो नियन्त्रण गर्न प्रोत्साहन गर्नु पर्नेछ ।

(छ) **ठोस फोहोर व्यवस्थापन**

- ठोस फोहर सङ्कलन गर्नको लागि सडकको निश्चित दुरीमा फोहर सङ्कलन गर्ने भाँडा राख्नु पर्नेछ ।
- फोहरलाई नियमित रुपमा सङ्कलन र व्यवस्थापन गर्ने संयन्त्रको विकास गर्नु पर्नेछ ।



- कम्तिमा हरेक तीन महिनामा सडक सरसफाई अभियान सञ्चालन गर्नु पर्नेछ ।
- फोहरलाई पुनः प्रयोग र प्रशोधन सिद्धान्त अपनाएर फोहर उत्पादनलाई न्यूनीकरण गर्नु पर्नेछ ।

**२० पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखाको स्थापना तथा काम कर्तव्य र अधिकारः** (१) गाउँपालिकाको विद्यमान संगठनात्मक संरचनामा रहेको पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखालाई थप क्रियाशिल बनाउनका लागि उक्त संरचनामा कम्तिमा एकजना वातावरण विशेषज्ञ करार वा स्थायी पदपुर्ति गर्नेछ ।

(२) वातावरणमैत्री पूर्वाधार विकास तथा ग्रामीण सडक निर्माण कार्यमा उक्त शाखाले निम्न अनुसार कार्य गर्नु पर्नेछ ।

(क) सबै ग्रामीण सडक आयोजनामा वातावरण व्यवस्थापन योजना लागु गर्ने ।

(ख) वातावरण व्यवस्थापन योजनाले सिफारिस गरे बमोजिम वातावरण संरक्षण र जोखिम न्यूनीकरणका उपायहरु कार्यान्वयन गर्ने ।

(ग) निर्माण कार्य हुँदै गर्दा र आयोजना सम्पन्न भइसकेपछि पनि वातावरणीय अनुगमन गर्ने ।

## परिच्छेद- ७

## सुपरिवेक्षण तथा अनुगमनसम्बन्धी व्यवस्था

**२१. सुपरिवेक्षण तथा अनुगमन गर्नुपर्ने:** नगरपालिकाले आयोजना तोकिएको गुणस्तर परिमाण र समयमा सम्पन्न गर्न गराउन देहाय बमोजिम सुपरिवेक्षण तथा अनुगमन का कार्य गर्नु पर्नेछ ।

(क) सम्वन्धित आयोजनाका प्राविधिकले न्यूनतम तीन पटक सुपरिवेक्षण गर्ने व्यवस्थालाई कार्यान्वयन गर्ने ।

(ख) स्थानीय सरकारको नीतिगत व्यवस्था अनुसार आयोजनाको नियमित अनुगमन गरी प्राप्त पृष्ठपोषणलाई कार्यान्वयन गर्ने ।



प्यूठान नगरपालिका

(ग) सम्बन्धित आयोजनाको असल अभ्यासहरुको अभिलेख राखी आगामी आयोजनामा लागु गर्ने ।

(घ) तेस्रो पक्ष अनुगमन कार्यलाई प्रोत्साहन गर्ने ।

## परिच्छेद- ८

## विविध

२२. **अधिकार प्रत्यायोजन:** गाउँपालिकाले यस निर्देशिका बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार कुनै सदस्य, कार्यालय कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२३. **थपघट तथा हेरफेर :** (१) यो निर्देशिका आवश्यकता अनुसार कार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

२४. **खारेजी तथा बचाउ:** यस निर्देशिकाको व्यवस्था नेपालको कानुनसंग बाझिएमा बाझिएको हदसम्म स्वत खारेज हुनेछ ।

### अनूसूची १

(दफा ६ को उपदफा २ सँग सम्बन्धित)

नेपाल ग्रामीण सडक डिजाइन मापदण्ड २०५५ (दोश्रो संशोधन २०७१)

ग्रामीण सडक डिजाईन गुणस्तरमान (Rural Road Design Standards)

| क. सं. | डिजाइन पारामिटर | जिल्ला सडक सञ्जाल | | ग्रामीण सडक सञ्जाल | |
|---|---|---|---|---|---|
| | | पहाड | तराई | पहाड | तराई |
| १ | डिजाइन क्षमता - दुवै दिशा तर्फ गाडीप्रतिदिन/ट्राफिक (PCU) | २०० (४००) | ४०० (८००) | १०० (२००) | २०० (४००) |
| २ | डिजाईन गति (कि.मी. प्रति घण्टा) | रुलिङ्ग (Ruling)(२५)<br>न्यूनतम (Minimum)-२० | रुलिङ्ग (Ruling)-५०<br>न्यूनतम (Minimum)-४० | १५ | ३० |
| ३ | सडक अधिकार क्षेत्र केन्द्रबाट दुवै तर्फ (मी) | २० | २० | १५ | १५ |
| ४ | सडकको चौडाई( Formation Width) (मी) | ५.२५ | ६.७५ | ४. | ४.५ |
| ५ | वाहन पथको चौडाई (Carrigeway Width) (मी) | ३.७५ | ३.७५ | ३ | ३ |



| क. सं. | डिजाइन पारामिटर | जिल्ला सडक सञ्जाल | | ग्रामीण सडक सञ्जाल | |
|---|---|---|---|---|---|
| | | पहाड | तराई | पहाड | तराई |
| ६ | सोल्डरको चौडाई दुवै तर्फ (मी) | ०.७५ | १.५ | ०.५ | ०.७५ |
| ७ | सडकको सतह | ग्राभेल | ग्राभेल | | |
| ८ | मोडमा न्यूनतम अर्धव्यास (मी.) | रुलिङ्ग (Ruling)-२०<br>न्यूनतम (Minimum)-१२.५ | रुलिङ्ग (Ruling)-९०<br>न्यूनतम (Minimum)-६० | १० | ३० |
| ९ | लम्बाई तर्फ अधिकतम औसत ढाल(Maximum Average Longitudinal Gradient %) | ७ | ५ | ७ | ५ |
| १० | अधिकतम ढाल (Maximum Longitudinal Gradient%) | १२ | ७ | १२ | ७ |
| १२ | अधिकतम औसत ढाल ७%भन्दा बढीको अधिकतम ढालको लम्बाई (मी.) | ३०० | | ३०० | |
| १३ | पहाडी सडकमा लम्बाई तर्फको न्यूनतम ढाल (पानि निकाशाको लागि%) | ०.५ (अधिकतम १) | | ०.५ (अधिकतम १) | |
| १४ | पुलमा अधिकतम बाढीको सतहबाटचाहिने खाली उचाई (Free Board from HFL)(मी) | १ (०.५) | १ (०.५) | ०.५ | ०.५ |
| १६ | रोकिदा चाहिने अधिकतम दुरी ( Minimum Stopping Distance)मी | २० | ४५ | १५ | ३० |
| १७ | बाहन पथको ढाल ग्रामीण माटे सडक (Cross slope in carriageway camber for rural earthen road%) | ५ | ५ | ५ | ५ |
| १८ | कल्भर्ट र पुलको बाहन पथको मी | ४.२५ | ४.२५ | ४.२५ | ४.२५ |
| १९ | ले वाई र पास दिने ठाउको साइज (मी मी) | ३*३० | ३*३० | ३*३० | ३*३० |
| २० | ले वाई र पास दिने ठाउको अन्तराल ( मी) | ३०० | ५०० | ३०० | ५०० |

## अनूसूची २

**(दफा १४ को उपदफा ४ सँग सम्बन्धित)**

ग्रामीण सडक मर्मत-संभार निर्देशिका २०६४ अनुसारविभिन्न सडकमा गरिने मर्मत-संभार क्रियाकलाप

| मर्मतसंभारको प्रकार | कालो पत्रे सडक | खण्डास्मित सडक | माटे सडक |
|---|---|---|---|
| नियमित मर्मत -संभार | सडक किनाराको ढलको सफाइ, कल्भर्ट सफाइ, पुलको सफाई, ढललाई सामान्य रुपमा फेरबदल गर्ने,<br>सडक सतह सफा गर्ने,<br>सडक किनाराको मर्मत सम्भार,<br>सडक सतह र छेउछाउमा उम्रेको घाँस र झारपात हटाउने,<br>सामान्य खालको पहिरो वा भूस्खलन हटाउने,<br>सडकमा राखिएका अन्य संरचनाको सफाई गर्ने, | | |
| पटके मर्मत - संभार | नाली मर्मत कार्य<br>कल्भर्ट, सतह नाली मर्मत कार्य<br>सडक किनारा मर्मत कार्य<br>सडकमा राखिएका अन्य संरचनाको मर्मत कार्य | | |
| | पटहोल प्याचिङ (Pot Hole Patching)<br>क्र्याक सिलिङ (Crack Sealing)<br>सडक किनारा मर्मत(Edge Repair) | स्पट ग्राभेलिङ (Spot Gravelling)<br>ड्रयागिङ (Dragging)<br>ग्रेडिङ (Grading) | |
| आवधिक मर्मत -संभार | फग सिल (Fogseal)<br>स्लरी सिल (Slurry Seal)<br>सतह ड्रेसिङ (Surface Dressing)<br>स्याण्ड सिल (Sand Seal)<br>थिन ओभरले (Thin Overlay)<br>सडक किनाराको पुनः खण्डास्मित (Regravelling of Shoulders)<br>सडक रंगरोगन कार्य (Road Markings) | सडक पुन ग्राभेलिङ (Regravelling) | |
| आकस्मिक मर्मत-संभार | आकस्मिक ट्राफिक सञ्चालन व्यवस्थापन<br>पहिरो / बाढी हटाई अवरुद्ध सडक खोल्ने कार्य<br>भत्केको इम्बान्कमेण्ट (Embankment) तथा कट स्लोप (Cut Slope) मर्मत कार्य<br>डाईभर्सन निर्माण<br>पुल पुलेसाको आकस्मिक मर्मत -संभार | | |
| रोकथाममूलक मर्मत-सम्भार | सडकको स्लोप काटेर मिलाउने (Slope Stabilization)<br>नदी नियन्त्रण संरचनाहरुको संभार कार्य<br>झुण्डिएको पहरा/चट्टान हटाउने<br>जैविक प्रविधि (Bio-Engineering Works) तथा यसको मर्मत-संभार | | |

प्यूठान नगरपालिका

**प्रमाणिकरण मिति : २०७६/०७/२०**

**आज्ञाले**

**टोपेन्द्र बहादुर के.सी.**

**प्रमुख प्रशासकीय अधिकृत**